आज मिति २०७६ साल पौष २७ गतेका दिन प्रमुख श्री नर वहादुर थापा मगरज्यू को अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसी देहायको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

## तपसिल

| | | |
|---|---|---|
| १) | नगरपालिका प्रमुख श्री नर वहादुर थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २) | नगरपालिका उप-प्रमुख श्री सृजना खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३) | वडा अध्यक्ष वडा नं.१ श्री नर वहादुर थापा क्षेत्री<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४) | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५) | वडा अध्यक्ष वडा नं.३ श्री भूपाल राज श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६) | वडा अध्यक्ष वडा नं. ४ श्री टुपेन्द्र वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७) | वडा अध्यक्ष वडा नं. ५ श्री भिम वहादुर तामाङ्ग<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८) | वडा अध्यक्ष वडा नं. ६ श्री धन बहादुर खडका<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९) | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १०) | वडा अध्यक्ष वडा नं.८ श्री केदार कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११) | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र वहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

१२) कार्यपालिका सदस्य श्री जमुना हायू — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१३) कार्यपालिका सदस्य श्री समिता वि.क. — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१४) कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१५) कार्यपालिका सदस्य श्री रुकुम हायू — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१६) कार्यपालिका सदस्य श्री सरोज कटुवाल — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१७) कार्यपालिका सदस्य श्री जनकराज सुनुवार — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१८) कार्यपालिका सदस्य श्री अनिता काफ्ले — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१९) कार्यपालिका सदस्य श्री कविता रिसाल — सदस्य
रामेछाप नगरपालिका रामेछाप

२०) प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल — सदस्य सचिव
रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप

**छलफल तथा प्रस्तावहरु:**

१) नगर सभामा पेश गरिने विभिन्न विधेयकहरुको मस्यौदा सम्बन्धमा ।

२) रामेछाप नगरपालिकाको विनियोजन ऐन,२०७६ ( पहिलो संशोधन) सम्बन्धमा ।

३) विभिन्न कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ (क) २ बमोजिम पेश गरिएको ।

गुरु बहादुर थापा मगर
प्रमुख

निर्णय नं. १:

१) देहाय बमोजिमका विद्येयकहरु मिति २०७६/०९/२८ गते बस्ने छैठौं नगरसभा समक्ष पेश गर्न स्वीकृति दिने निर्णय गरियो ।

- रामेछाप नगरपालिकाको आर्थिक कार्यविधि ( नियमित तथा व्यवस्थित) विद्येयक,२०७६
- रामेछाप नगरपालिकाको पशुस्वास्थ्य तथा पशुसेवा विद्येयक,२०७६
- रामेछाप नगरपालिकाको कर र गैरकर राजश्व उठाउने सम्वन्धी विद्येयक,२०७६
- रामेछाप नगरपालिकाको फोहरमैला व्यवस्थापन विद्येयक,२०७६

निर्णय नं. २:

रामेछाप नगरपालिकाको विनियोजन ऐन,२०७६ (पहिलो संशोधन विद्येयक,२०७६ छैठौं नगर सभा समक्ष पेश गर्न स्विकृति दिने निर्णय गरियो ।

निर्णय नं. ३:

देहायका कार्यविधिहरुमा दफावार छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो ।

- रामेछाप नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको संघ संस्था,समूह,क्लव आदिलाई अनुदान दिने सम्वन्धी कार्यविधी,२०७६
- रामेछाप नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको एफ.एम.रेडियो (व्यवस्थापन तथा सञ्चालन )कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको वालविवाह विरुद्ध कार्यक्रम सञ्चालन कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको वालगृह सञ्चालन सम्वन्धी कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्वन्धी कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायीहरुको इजाजत पत्र सम्वन्धी कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन सम्वन्धी कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि,२०७६
- रामेछाप नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६

नर बहादुर थापा मगर
प्रमुख

निर्णय नं. ४:

**अघिल्लो आ.व. ०७५/०७६ बाट अ.ल्या.भई प्राप्त भएको बाँकी रकमबाट देहाय बमोजिमका योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।**

- प्रत्येक वडाबाट छनौट भई आएको ५ लाख रकम बराबर लगायतका योजनाहरु ।
- हिलेपानी-भालुखोप सडक स्तरोन्नतिको लागि रकम रु २ करोड बराबरको लागत अनुमान तयारी गरी कार्यक्रम अगाडी बढाउने र नपुग रकम आगामी आ.व. बाट विनियोजन गर्ने ।
- रामेछाप बजारको बाटो स्तरोन्नतिको लागि DPR तयार गर्ने ।

निर्णय नं. ५:

**रामेछाप नगरपालिकामा अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि,२०७५ मा देहायका बुँदाहरु थपघट गर्ने गरि दोस्रो संशोधन गर्ने निर्णय गरियो ।**

१.अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि,२०७५ को परिच्छेद २ को दफा ४(क) को ४ पछि देहायका बुँदा थप गर्ने :

- मस्तिष्क पक्षघात,मेरुदण्डमा चोटपटक वा पक्षघात,हेमोफिलिया, माशंपेशी सम्वन्धि समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरिरको ढाँड,हात,गोडा,कम्मर आदिले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्लिचियर प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,
- दुवै हात कुमदेखि वा पाखुरादेखि मुनी पुरै नचल्ने वा गुमाएका,विभिन्न कारणले दुबै हात र गोडा गुमाएका वा नचल्ने,कम्मर भन्दा मुनिको भाग गुमाएका वा नचल्ने,दुबै गोडा पूर्ण क्रियाशिल नभई बैशाखिको प्रयोग गर्ने व्यक्तिहरु,
- दृष्टिविहीन र पूर्ण दृष्टिविहीनको परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरु,

२. परिच्छेद-२ को दफा ४(ख) को बुँदा नं. २, ३ र ४ हटाउने ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगर कार्यपालिका निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि), २०७४ को नियम १ बमोजिम प्रमाणीत गरिएको ।

..........................
प्रमुख प्रशासकीय अधिकृत

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नुड बहादुर थापा मगर
प्रमुख